# जिल्ला समन्वय समितिको कार्यालय

उदयपुर, गाईघाट
कोशी प्रदेश, नेपाल

कोशी प्रदेश

फोन नं: ०३५४२२१४२,४२२६९०
ईमेल: ddcudayapur@gmail.com

पत्र संख्या २०८२/०८३
चलानी नम्बर

पाना १
मिति २०८२।०४।०६
ने.सं. ११४५ दिल्लागा १४ बुधवार

<u>सूचना सुचिकृत तथा सूचना प्रकाशन</u>
(सूचनाको हक सम्वन्धि ऐनको दफा ५ (३) बमोजिम)

१.कार्यालयको स्वरुप र प्रकृति

जिल्ला समन्वय समितिको कार्यालयको स्थापना,२०७३।११।३० मा भएको हो। नेपालमा संघीयता कार्यान्वयन भए संगसँगै स्थानीय तहको रुपमा जिल्ला समन्वय समितिको कार्यालय गठन भएको देखिन्छ। संविधान, संघीय सरकार तथा प्रदेश सरकारबाट पारित ऐन, नियम, कानुन तथा कार्यविधि बमोजिम संघ, प्रदेश तथा स्थानीय सरकार बीच समन्वयकारी भूमिकाको जिम्मेवारी यस कार्यालयलाई दिइएको छ। जिल्ला सभा एवं जिल्ला समन्वय समितिबाट भए गरेका निर्णयहरुको कार्यान्वयन यस कार्यालयबाट हुने छ ।

२. काम कर्तव्य र अधिकार

विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने र सुझाव दिने, जिल्लामा रहेका संघीय र प्रदेश कार्यालय तथा स्थानीय तह बीच समन्वय गर्ने, जिल्ला भित्रका गाउँपालिका/ नगरपालिका बीच कुनै विवाद उत्पन्न भएमा समन्वय, सहजीकरण गर्ने, सूचना, तथ्यांक तथा अभिलेख व्यवस्थापन,क्षमता विकास व्यवस्थापन, प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी समन्वय गर्ने जस्ता कार्यहरु सम्पादित हुने छन । -

३. कार्यालयको स्वीकृत दरबन्दी

| पद | दरबन्दी संख्या | रिक्त दरबन्दी संख्या |
|---|---|---|
| जिल्ला समन्वय अधिकारी | १ | - |
| शाखा अधिकृत | १ | - |
| इन्जिनियर | १ | - |
| नायब सुब्बा | १ | - |
| लेखापाल | १ | - |
| सब-इन्जिनियर | १ | - |
| खरिदार | १ | - |
| हलुका सवारी चालक | २ (करार) | - |
| कार्यालय सहयोगी | ३ (करार) | |
| जम्मा | १२ | - |

कार्य विवरण सबैको तोकिएको छ ।

४.प्रदान गरिने सेवा: सिफारिस, समन्वय र सहजिकरण गर्ने, सुझाव वा मार्गदर्शन दिने ।

५.सेवा प्रदान गर्ने शाखा

(क) व्यवस्थापन शाखा (प्रशासन शाखा) (ख) अनुगमन तथा मुल्यांकन शाखा (प्राविधिक शाखा)

६. लाग्ने दस्तुर: निशुल्क

क्रमश

२०८2।04।06

# जिल्ला समन्वय समितिको कार्यालय

उदयपुर, गाईघाट
कोशी प्रदेश, नेपाल

कोशी प्रदेश

फोन नं: ०३५४२२१४३,४२२०९०
ईमेल: ddcudayapur@gmail.com

पत्र संख्या २०८२/०८३
चलानी नम्बर

मिति २०८२/०४/०६
ने.सं. ११४५ दिल्लागा १४ बुधबार

सूचना सुविकृत तथा सूचना प्रकाशन
(सूचनाको हक सम्बन्धि ऐनको दफा ५ (३) बमोजिम।

७. लाग्ने समय: सोही दिन (आवश्यक कागजात पुरा भएमा) ।

८.निर्णय गर्ने प्रकृया: जिल्ला सभा / जिल्ला समन्वय समितिको निर्णय र कार्यालयको निर्णय ।

९. उजुरी सुन्ने अधिकारी: जिल्ला समन्वय प्रमुख / जिल्ला समन्वय अधिकारी ।

१०. सम्पादित कामको विवरण: (मिति २०८२ साल वैशाख महिना देखि आषाढ मसान्तसम्मको )

(क) जिल्ला समन्वय समितिको मासिक बैठक ४ पटक (ख) जिल्ला समन्वय समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार सम्बन्धी कोशी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम ।

(ग) नदीजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिको बैठक (३ पटक ) ।

(घ) गणतन्त्र दिवसको अवसरमा जिल्ला अस्पतालका बिरामीहरुलाई फलफुल वितरण, भवानी मन्दिर,राधाकृष्ण मन्दिर परिसरमा विशेष सरसफाई कार्यक्रम सम्पन्न गरियो ।

(ङ) जिल्ला विपद पुर्वतयारी तथा प्रतिकार्य योजना,२०८२ अन्तर्गत आपतकालीन संरक्षण क्षेत्र र बन्दोबस्ती क्षेत्रको बैठक (१/१ पटक)

११.अनुगमन सम्बन्धी विवरण

(क) त्रियुगा, बेलका, चौदण्डीगढी, कटारी नगरपालिका र उदयपुरगढी, रौतामाई गाउँपालिकामा नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन,संकलन बिक्रि वितरण तथा व्यवस्थापनको अनुगमन (१ पटक)

(ख) उदयपुर जिल्लाका सबै स्थानीय तहहरुको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा वा सामाजिक शाखाको अनुगमन (१ पटक)

(ग) ताप्ली गाउँपालिका वडा नं.१ लाई बालमैत्री वडा घोषणा पुर्व तयारीको अनुगमन कार्यक्रम (१पटक)

(घ) स्थानीय तहहरुको अन्य विभिन्न कामको अनुगमन (१ पटक)

१२. सूचना अधिकारी: (ना.सु.) दिपक पोखरेल

१३. प्रमुख: (जिल्ला समन्वय अधिकारी ) आशिष अर्याल

१४.मिति २०८२ वैशाख महिना देखि २०८२ आषाढ मसान्तसम्मको आम्दानी खर्च विवरण

| आम्दानी विवरण | रकम | खर्च विवरण | खर्च रकम |
|---|---|---|---|
| अन्य आम्दानी | २९९६०१.४ ( राजस्व ) | चालु खर्च | ३६६२४११.७९ |
| | | विविध खर्च (ख-६) | १२९५२१८.९५ |
| कुल जम्मा | २९९६०१.४ | कुल जम्मा खर्च | ४०६७६३०.७४ |

दिपक पोखरेल
सूचना अधिकारी
२०८२/०४/०६

# जिल्ला समन्वय समितिको कार्यालय

उदयपुर, गाईघाट
कोशी प्रदेश, नेपाल

फोन नं: ०३५४२२१४३,४२२७१०
ईमेल: ddcudayapur@gmail.com

पत्र संख्या २०८२/०८३
चलानी नम्बर ६

मिति २०८२।०४।०७
ने.सं. ११४५ दिल्लागा १४ बुधवार

विषय: सूचना प्रकाशन गरिएको सम्बन्धमा

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम मिति २०८२वैशाख १ गते देखि २०८२ आषाढ मसान्तसम्मको यस कार्यालयबाट सम्पादित कार्यहरुको विवरण सहितको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

४।६

दिपक पोखरेल
सूचना अधिकारी

बोधार्थ
श्री राष्ट्रिय सूचना आयोग, काठमाडौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना तथा प्रविधि शाखा, काठमाडौं ।
श्री संचार तथा सूचना प्रविधि मन्त्रालय, प्रेस तथा सूचना समन्वय शाखा, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, उदयपुर ।
श्री जिल्ला हुलाक कार्यालय, उदयपुर ।